## बैठक नं. ४२

आज मिति २०७७ श्रावण १२ गते सोमबार यस चुरे गाउँपालिकाका अध्यक्ष श्री धन वहादुर रोकामगर ज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिका बैठक बसी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिति :

| | |
|---|---|
| १. श्री धन बहादुर रोकामगर | अध्यक्ष चुरे गा.पा |
| २. श्री दीपा देवी साउँद | उपाध्यक्ष चुरे गा.पा. |
| ३. श्री हुकुम बहादुर बोहरा | १ नं. वडा अध्यक्ष चुरे गा.पा. |
| ४. श्री तारा सिंह साउँद | २ नं. वडा अध्यक्ष चुरे गा.पा. |
| ५. श्री टेक बहादुर शाह | ३ नं. वडा अध्यक्ष चुरे गा.पा. |
| ६. श्री कृष्ण बहादुर मल्ल | ४ नं. वडा अध्यक्ष चुरे गा.पा. |
| ७. श्री नर बहादुर तामाङ्ग | ५ नं. वडा अध्यक्ष चुरे गा.पा. |
| ८. श्री प्रेम सिंह साउँद | ६ नं. वडा अध्यक्ष चुरे गा.पा. |
| ९. श्री बसुन्धरा देवी सापकोटा | कार्यपालिका सदस्य |
| १०. श्री खेमा देवी सिंह | कार्यपालिका सदस्य |
| ११. श्री पार्वती देवी ऐर | कार्यपालिका सदस्य |
| १२. श्री हरमति ठगुन्ना | कार्यपालिका सदस्य |
| १३. श्री गंगाराम वि.क. | कार्यपालिका सदस्य |
| १४. श्री कहरे दमाई | कार्यपालिका सदस्य |
| १५. श्री बसन्त बहादुर बोहरा | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

आमन्त्रित

श्री सर्वेशकुमार थरिया अ.पु. चुरे गा.पा. कैलाली

**प्रस्तावहरु :**

प्रस्ताव नं. १. योजनाहरुको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. २. नदीजन्य पदार्थ उत्खनन तथा संकलन सम्बन्धमा ।

प्रस्ताव नं. ३. नदी तथा खोलाको IEE गर्ने सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं. १.**

प्रस्ताव नं. १ माथी छलफल गर्दा गत आ.व. २०७६/०७७ ठेक्का भई ठेक्का सम्झौता भएका तपसिल बमोजिमका योजनाहरुको ठेक्का सम्झौताको अवधि २०७७ असार मसान्त सम्म मात्र रहेकोमा देश कोरोना महामारीले आक्रान्त रहेको विषम परिस्थितिले गर्दा सम्झौतामा उल्लेखित समयमा कार्य सम्पन्न हुन नसकेकोले २०७७ पौष मसान्त सम्म सम्झौता अवधि रहने गरी ६ महिना म्याद थप गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

तपसिल :

१. चौमाला गर्भा सडक निर्माण योजना

२. वडा नं. ५ को प्रशासनिक भवन

**निर्णय नं. २.**

प्रस्ताव नं. २ माथी छलफल नदी तथा खोलाजन्य पदार्थ उत्खनन तथा संकलन प्रयोजनका लागी विभिन्न नदी तथा खोलाहरुको **IEE Report** मा उत्खनन गर्न योग्य मापदण्ड भित्र रही नदी तथा खोलाजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) उत्खनन तथा संकलन गर्ने गरी रोयल्टी संकलनका लागी गाउँपालिकाको कार्यालयबाट नियमानुसार बोलपत्र आह्वान गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**निर्णय नं. ३.**

प्रस्ताव नं. ३ माथी छलफल यस गाउँपालिका अर्न्तगत वडा नं.४ मा रहेका नदी तथा खोलाहरु बाट प्राकृतिक श्रोत (ढुंगा, गिट्टी, बालुवा) उत्खनन तथा किल्ने प्रयोजन गरेको **IEE** प्रतिवेदनको मान्य अवधि चालु आ.ब.मा समाप्त भएकोले वडा नं.४ मा पर्ने नदी तथा खोलाहरुको **IEE** गर्ने गराउने सम्बन्धमा जिल्ला समन्वय समितिको कार्यालय धनगढी सँग समन्वय गरी गर्ने गराउने निर्णय गरियो ।